कचनकवल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बनियानी, झापा

१ नं. प्रदेश, नेपाल
मिति :- २०७५/०५/२६

पत्र संख्या: ०७५।०७६
चलानी नं. :

# प्रेस विज्ञप्ति ।

यस गाउँपालिकाको दोश्रो गाउँ सभा मिति २०७५।०५।२३ गतेदेखि गाउँपालिकाको सभा कक्षमा विधिवत रुपमा शुरु भई आर्थिक वर्ष २०७५।०७६ को वजेट नीति तथा कार्यक्रम, आर्थिक ऐन (प्रथम सोधन सहित), २०७४ , कचनकवल गाउँपालिकाको विनियोजन ऐन, २०७५ समेत बहुमतबाट पारित गर्दै आज मिति ०७५।०५।२६ का दिन समापन भएको छ ।

यस सन्दर्भमा यो सभाको सभाध्यक्षता यस गाउँपालिकाका अध्यक्ष श्री अन्जरा आलम ले गर्नु भएको थियो भने आर्थिक वर्ष ०७५।०७६ को वजेट वक्तव्य, वजेट नीति तथा कार्यक्रम गाउँपालिका उपाध्यक्ष श्री निमसरी राजवंशीले गर्नु भएको थियो । यसै गरी सभामा पेश हुन आएको दुवै ऐनको विधेयक अध्यक्ष स्वयम्ले गर्नु भएको थियो । वजेट वक्तव्यको क्रममा उपाध्यक्षज्यूबाट गत वर्षको यथार्थ आय व्यय तथा यस आ.व.संशोधित अनुमान सहितको आय व्यय समेत पेश गर्नु भएको थियो जसमा चालु आ.व. ०७५।०७६ को लागि कुल रु. ५१ करोड ४० लाख ७८ हजार आय प्रस्ताव गरिएकोमा चालु तर्फ रु. २८ करोड ४५ लाख ४० हजार र पूँजीगत तथा सशर्त तर्फ रु. २२ करोड ८६ लाख ६ हजार विनियोजन भएको छ । यसको व्यहोरिने श्रोतका रुपमा आन्तरिक आय रु. ८० लाख, नेपाल सरकारबाट प्राप्त वित्तीय समानीकरणबाट रु. १२ करोड ५४ लाख तथा सशर्त अनुदान रु. १५ करोड ३१ लाख , प्रदेश सरकारबाट वित्तीय समानीकरण तर्फबाट रु. ३७ लाख ७० हजार, राजस्व बाँडफाँडबाट रु. ८ करोड ५ लाख २१ हजार, सवारी कर साधन बाँडफाँडबाट रु. ५१ लाख ११ हजार, प्रदेश सरकारबाट सशर्त अनुदान रु. १ करोड, तराई मधेस समृद्ध कार्यक्रमबाट रु. १ करोड २ लाख ४० हजार, गत आ.व.को अ.ल्या. ५ करोड ४१ लाख १७ हजार, सामाजिक सुरक्षा तर्फबाट नेपाल सरकारबाट प्राप्त हुने ६ करोड १४ लाख ८६ हजार र अन्य निकायहरुको साझेदारीमा प्राप्त हुन आउने रु. २३ लाख ३३ हजार समेतको रकम यस गाउँपालिकाको संचित कोषमा जम्मा हुने व्यहोरा सहितको विनियोजन ऐन पारित भएको छ । यसै गरी यसै आर्थिक वर्षदेखि कचनकवल गाउँपालिका क्षेत्र भित्र लागू हुने गरी आम नागरिकमा सर्वसुलभ कर तथा सेवा दस्तुर जारी गर्ने गरी कचनकवल गाउँपालिकाको आर्थिक ऐन, २०७४ को प्रथम संशोधन सहित को आर्थिक ऐन पारित गरिएको छ । गाउँ सभाको समापनको क्रममा सभाध्यक्ष श्री अन्जरा आलमबाट यस सभा सञ्चालनका लागि शुरुदेखि अन्तसम्म सहयोग गर्नु हुने कचनकवल गाउँबासी लगायत सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दै सभा समापन गर्नु भएको छ ।

..............................
(तुलराज थापा मगर)
प्रमुख प्रशासकीय अधिकृत